नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

मितिः..................................

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारीको संयुक्त बैठक राष्ट्रिय योजना आयोगमा मिति २०७५/०९/०६ गते सम्पन्न भयो । बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेल लगायत सदस्यहरु, सदस्य सचिव तथा सह सचिवहरुको सहभागिता थियो भने नीति प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. चैतन्य मिश्र सहित सदस्यहरुको सहभागिता थियो ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका तर्फबाट आगामी १५ औं योजना तथा विकासको दिर्घकालिन लक्ष्यले आत्मसात गर्न खोजेको विकासको गन्तव्य आर्थिक बृद्धिका संवाहक तथा रुपान्तरणकारी आयोजना, मुख्य नीतिगत हस्तक्षेप तथा सहयोगी क्षेत्रहरु, अध्ययन अनुसन्धान तथा नीतिगत सुधार लगायतका विषयमा आपसी सहकार्य गर्ने विषय उल्लेख गरिएको थियो । यसैगरी नीति अनुसन्धान प्रतिष्ठानका तर्फबाट विकास सम्बद्ध नीति तथा योजनामा गर्नुपर्ने सुधारका पक्ष, राष्ट्रिय योजना आयोगले सम्पादन गर्ने कार्यका लागि आवश्यक पर्ने अनुसन्धानका विषयमा आगामी दिनहरुमा सहयोग तथा सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

दुवै निकायहरुबीच एक अर्काका प्रतिस्पर्धी नभई परिपुरक सहयोगी निकायको रुपमा सहकार्य गर्ने विषयमा छलफल केन्द्रित भएको थियो ।

राधाकृष्ण प्रधान
प्रवक्ता
मिति २०७५/०९/०६